# खानी खोला हाईड्रोपावर कम्पनी लिमिटेडको

## वार्षिक साधारणसभा

यस खानी खोला हाईड्रोपावर कम्पनी लिमिटेडको तेहौं वार्षिक साधारणसभा यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री विजयमान शेरचनज्यूको अध्यक्षतामा २०८२ पौष ३० गते, बुधबार (14th June 2026, Monday) बिहान ११:०० बजे उद्घाटन पश्चात उक्त साधारण सभा सम्पन्न भई निम्न बमोजिमको निर्णय (माइन्यूट) अभिलेख रह्यो ।

**१. बार्षिक साधारणसभाको मिति समय र स्थान**

साधारणसभा स्थल : धुम्र बाराह भेन्यु, धुम्बाराही, काठमाडौं ।

साधारणसभा मिति : २०८२/०९/३० गते बुधबार(14 Jan 2026, Wednesday)

साधारणसभा समय : विहान ११:०० बजे ।

**२. बार्षिक साधारणसभाका प्रस्ताबहरु :-**

१) आ.व.२०८१/०८२ को सञ्चालक समितिको तर्फबाट पेश हुने अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

२) आ.व.२०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाव पारित गर्नुका साथै सञ्चालक समितिले नियुक्त गरेको लेखापरीक्षको नियुक्ती एवं अनुमोदनको सम्बन्धमा ।

३) आगामी आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४) विविध ।

**३. सभाको सूचना जारी :-**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली अनुसार सञ्चालक समितिका मिति २०८२/०९/०९ बसेको बैठकले यस संस्थाको तेहौं वार्षिक साधारण सभा २०८२ पौष ३० गते, बुधबार (14th June 2026, Monday) गतेका दिन बस्ने भनी निर्णय भएअनुसार कम्पनी ऐन, ६७ (२) को व्यवस्था यस कम्पनीको सभा सम्बन्धी सूचना सबै शेयरधनी महानुभावहरुलाई विद्युतिय माध्यम, कम्पनीको वेभसाईट र सूचनापाटीमा टाँस गर्नुको साथै राष्ट्रिय दैनिक पत्रिका नयाँ पत्रिमामा प्रथमपटक मिति २०८२/०९/१० गते र दोश्रो पटक मिति २०८२/०९/२१ गते सूचना प्रकाशित गरि उपस्थितिको लागि अनुरोध गरिएको थियो ।

- यसरी, तेहौं वार्षिक साधारणसभा मार्फत निर्णय हुने प्रस्तावहरुको जानकारी सभालाई गराए पश्चात साधारणसभाको विविध समय तालिका सहित साधारणसभाबाट पारित गरिनु पर्ने एजेण्डाहरुको संक्षिप्त जानकारी यस कम्पनीका कम्पनी सचिव श्री सन्तोष कुमार भट्टराईज्यूले सभालाई गराउदै तोकीएको समय भैसकेकोले सम्पूर्ण शेयरधनी र आगन्तुक पाउनाहरुलाई सभाहलमा बसी साधारणसभाको बिधिवत सुभारम्भको लागि आह्वान गर्नुभयो ।

४. **रजिष्ट्रेशन :-**

(क) आजको यस तेहौं बार्षिक साधारणसभामा प्रतिनिधित्व गर्नुहुने सम्पूर्ण शेयरधनी कम्पनीहरु, शेयर रजिष्ट्रार प्रभु क्यापिटल, हाइड्रोपावर सेक्टरमा सम्लग्न पत्रकारहरु, यस कम्पनी शेयरधनी रहेको विभिन्न कम्पनीहरुबाट पाल्नु भएका व्यक्ति विशेषहरुलाई चिया कफी र कुकीज पश्चात कम्पनीको सभा कक्षमा प्रवेश गर्दाको बखतमा रजिष्ट्रेशनको आवश्यक व्यवस्था मिलाईएको थियो ।

(ख) यसरी तेहौं वार्षिक साधारणसभाको सुरुवात गर्नुपर्ने हुँदा कम्पनी सचिवज्यूले यस खानी खोला हाईड्रोपावर कम्पनी लिमिटेडका सञ्चालक समितिका पदाधिकारीहरु, हाईड्रोपावरमा सम्लग्न संस्थापकहरु/सञ्चालक र व्यवस्थापकीय जिम्मेवारी सम्माल्नु भएका पदाधिकारी/कर्मचारीहरुको परिचयका साथ शेयरधनीहरुलाई सु-सुचित गराउनु भए पश्चात विधिवत रुपमा साधारणसभा सुरुवात भएको घोषणा गर्नुभयो ।

(ग) तत्पश्चात, ड्यासमा आसिन सम्पूर्ण सञ्चालक समितिका पदाधिकारीज्यूहरुलाई खादा र व्याचले सम्मान पश्चात अध्यक्षज्यूले पानसमा बत्ती बाली तेह्रौं बार्षिक साधारणसभाको उद्घाटनसत्रको सुरुवात गर्नु भएको थियो ।

तत्पश्चात, सभाहलमा राष्ट्रियगान गाउँदै आजका एजेण्डाहरुको बारेमा कम्पनी सचिबज्यूले बढो रोचकताका साथ साधारणसभा समक्ष राख्नुभएको थियो ।

यसरी, सब्य र भब्य रुपमा सुरु भएको साधारणसभामा साबिकका प्रबन्ध निर्देशक एवम् हालका सञ्चालक श्री भरत लामिछाने थापाज्यूलाई स्वागत मन्तव्यको लागि ड्यासमा आमन्त्रण गरे पश्चात संक्षिप्त रुपमा प्रोजेक्टको बारेमा शेयरधनीहरुलाई जानकारी गराउनु भएको थियो ।

यसरी आजको एजेण्डाहरुको सुचीको जानकारी सुरुवात कै क्रममा कार्यक्रम प्रस्तोताले आजको साधारणसभाबाट निर्णय गर्नुपर्ने छलफलका विषयहरु माथि साधारणसभाको ध्यान केन्द्रीत गर्नुभयो ।

## ५. सभाको बैधानिकता

यस कम्पनीका कानूनी प्रतिनिधि श्री सन्तोष कुमार भट्टराईज्यूले यस कम्पनीको साधारणसभाको कार्यक्रम कानूतः बाँडफाँड भएको शेयरको उल्लेख्य उपस्थिति भई सकेको जानकारी यस कम्पनीका शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेडले उपलब्ध गराएको शेयरको उपस्थिति र कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिमको उपस्थिति भएकोले सभा बैधानिकता भएको घोषणा सभालाई गराउनुभयो ।

## ६. सभाको अन्य गतिबिधीहरुः-

क) साधारणसभाको बिधिवत कार्यक्रम सूचारु भए पश्चात अध्यक्ष श्री विजयमान शेरचनज्यूले आर्थिक बर्ष २०८१/०८२ को बार्षिक प्रतिवेदन सभालाई बाचन गर्नुका साथै खानिखोला हाईड्रोपावर कम्पनी लिमिटेडको बर्षभरीको सञ्चालक समितिको तर्फबाट भए गरेको कार्यहरुलाई समेट्दै तयार गरेको प्रतिबेदन स्वीकृतीको लागि सभा समक्ष बाचन गर्नु भएको थियो ।

ख) त्यसैगरी, यस कम्पनीमा हालका चाटर्ड एकाउन्टेन्ट आर.टि. एण्ड एसोसिट्सको तर्फबाट आजको यस बार्षिक साधारणसभामा पेश गरीएको आर्थिक बर्ष २०८१/०८२ को सम्पूर्ण वित्तीय विवरण तथा आर्थिक प्रतिवेदन सभा समक्ष बुकलेट मार्फत प्रेषित गरिएकोले सभा समक्ष पेश भएको वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र तत् सम्बन्धि अनुसूचि तथा NFRS प्रणाली लागू गरि तयार गरिएको वित्तिय विवरण समेतमा आ-आफ्नो राय, प्रतिक्रिया, तथा सुझाव भएमा क्रमश नाम टिपाई सभा समक्ष राख्नको लागि कम्पनी सचिबज्यूले जानकारी गराउनु भयो ।

यसरी प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब, एकीकृत आय व्यय हिसाब, नगद प्रवाह विवरण तथा वार्षिक प्रतिवेदनमा उल्लेख भएका यस कम्पनीका आर्थिक गतिविधी उपर छलफलको क्रममा देहायका शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा तथा सुझाव पेश गर्नु भयो ।

मन्तब्य/सुझाब दिने शेयरधनीहरु :-

१. श्री अर्जुन माझी
२. श्री गोबिन्द बहादुर के.सी.
३. श्री लक्ष्मण बहादुर श्रेष्ठ
४. श्री निरुपमा गुप्ता
५. श्री चन्द्र नारायण श्रेष्ठ
६. श्री ब्रम्हदेब शाक्य
७. श्री सुदिप श्रेष्ठ

**उल्लेखित शेयरधनीहरुले देहाय बमोजिमको मन्तव्य, सुझाव तथा जिज्ञासा राख्नुभयो:-**

कम्पनीको आजको यस बार्षिक साधारणसभा समक्ष शेयरधनी मध्येका अर्जुन माझीज्यूले सभा समक्ष देहायको बिषयहरुलाई स्पष्ट पार्नको लागि आधिकारीक प्रतिनिधीहरुको ध्यान केन्द्रीत गर्नु भएको थियो ।

i) कम्पनीले साबिकका दिनमा खेर गईरहेको बिजुली बापतको रकम उठाउनको लागि लागि परिरहेका छौं भन्नु भएकोमा त्यो अबस्था कहाँ पुग्यो ? त्यसैगरी प्रबन्ध सञ्चालकज्यूले स्वागत मन्तब्यको क्रममा लाखौं रुपैयाँ प्रशासनीक एवम् कानूनी खर्च बापत रकम खर्च हुने आँकलन गर्नु भयो, त्यत्रो रकम मुद्दा मामिला वा अन्य के मा लाग्ने हो सो समेत स्पष्ट पार्न अनुरोध गर्नु भयो ।

ii) त्यसैगरी अर्का शेयरधनी श्री गोबिन्द बहादुर के.सी.ज्यूले बोर्डको तर्फबाट राईट शेयर बापतको रकम कहाँ-कहाँ खर्च गर्ने हो वा प्रोजेक्टको लोन घटाउने हो वा अन्य कुनै प्रोजेक्टमा लगानी गरी अघि बढ्ने लक्ष्य के छ ? अध्यक्षज्यूको प्रतिबेदन र लेखा परिक्षण प्रतिबेदनमा स्पष्ट नआएकोले बोर्डको धारणा राख्नको लागि अध्यक्षज्यूलाई आह्वन गर्नु भयो ।

iii) लिखित मन्तब्यको क्रममा लक्ष्मण बहादुर श्रेष्ठज्यूले समग्र हाइड्रोपावर प्रोजेक्टले तत्कालै नगद लाभंश दिन नसके पनि राईट शेयर मार्फत केही दिएको तर नगदै लाभंश नभएकोले बोर्डको ध्यान आगामी बर्ष लाभंश दिने बातावरण बनाउनको लागि अनुरोध गर्दछु तर प्रशासनिक तथा अन्य क्षेत्रमा खर्चको मात्रा धेरै रहेकोले सो लाई घटाउने तर्फ लागि पर्न बोर्डको ध्यान केन्द्रित गर्दछु ।

iv) लिखित मन्तब्यको क्रममा निरुपमा गुप्ताज्यूले अघिल्लो बार्षिक साधारणसभामा शेयरधनीहरुले व्यक्त गरेको धारणाहरुलाई समेत कदर गर्दै साधारणसभा पौष मसान्त भित्रै सम्पन्न गरेकोमा बधाई एवम् शुभकामना दिनु भयो, भने अर्को तर्फ लिखित जिज्ञाशा राख्ने क्रममा आगामी बर्ष प्रगती पथ तर्फ डोऱ्याउन, रणनिती अनि Investment Policy के कस्तो छ जानकारी दिन अनुरोध गर्नुभयो ।

vi) त्यसै गरी अन्य शेयरधनीहरुले कम्पनी भित्रका सुशासनका कुराहरु, खर्च घटाउने र शेयरधनीहरुलाई लाभंश बितरण गर्ने परिस्थितीका साथै कम्पनीको आफ्नै बिल्डिङ्ग बनाउने तर्फ बोर्डको ध्यान केन्द्रित गर्नुभएको ।

तत्पश्चात, यसरी कम्पनीका यावत गतिबिधीहरुलाई नियाली दिनुभएको राय, प्रतिकृया र सुझावको लागि अध्यक्षज्यूले धन्यवाद दिनु भयो । कम्पनीको दुबै प्रोजेक्टहरु बाढीको कारणले बिस्थापित हुँदा पनि बैंक बित्तिय संस्था इन्सोरेन्स कम्पनी र कम्पनीका

कर्मचारीहरुको अथक प्रयासबाट समयमै दुबै आयोजनाहरु निर्णण सम्पन्न गरी उल्लेख्य मात्रमा हिउँदमा आम्दानी गर्न सफल भएका छौं । जहाँ सम्म प्राधिकरण र यस कम्पनीको बिचमा Spoil Energy को सम्बन्धमा रहेको मनमोटाब क्रमश घट्दो क्रममा रहेको । हकप्रद शेयर बापतको केही रकम र इन्सोरेन्सबाट प्राप्त रकमबाट लोन घटाई अघि बढ्ने लक्ष्य रहे भएको । क्रमश बैंकको व्याज र अन्य कम्पनीका गतिबिधीहरु सकारात्मक रुपमा अघि बढेको खण्डमा शेयरधनीको लगानीको अनुपातमा बोनस खुवाउन समेत कम्पनी लागि पर्ने बिश्वष्थ धारण सभा समक्ष राख्नुभयो ।

**७. सभाबाट पारित निर्णयहरू:-**

**क) आ.व.२०८१/०८२ को सञ्चालक समितिको तर्फबाट पेश हुने अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।**

यस कम्पनीका अध्यक्ष श्री विजयमान शेरचनज्यू द्वारा यस सभा समक्ष प्रस्तुत भएको आ.व. २०८१/८२ बार्षिक प्रतिवेदन छलफल पश्चात तालिका साथ स्वीकृत गर्ने निर्णय सर्वसम्मती गरियो ।

**ख) आ.व.२०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाव पारित गर्नुका साथै सञ्चालक समितिले नियुक्त गरेको लेखापरीक्षको नियुक्ती एवं अनुमोदनको सम्बन्धमा ।**

यस कम्पनीको आ.व.२०८०/८१ को आयव्यय विवरण लेखापरिक्षक श्री R.T. & Associates द्वारा लेखापरिक्षण गरी प्रतिवेदन संचालक समितिको सिफारिस साथ वैठकमा पेश भएको प्रतिबेदन माथि छलफल समेत भईसकेकोले कार्यक्रम प्रस्तोताले आर्थिक प्रतिवेदन पारितको लागि आह्वान गर्ने वित्तिकै सभाहलबाट तालि मार्फत पारित भएको घोषणा गरियो ।

ग) यस कम्पनीको आगामी आ.व.२०८२/०८३ को लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्न बोर्डको तर्फबाट आएको प्रस्ताब माथि बिस्कृत छलफल हुँदा आगामी आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकमा चाटर्ड एकाउन्टेन्ट R.T. & Associates ज्यूलाई नियुक्त गर्ने र निजको पारिश्रमिक भ्याट बाहेक रु.३,००,०००।-(अक्षरेपी तिन लाख) उपलब्ध गराउने निर्णय अनुमोदनको लागि हलसमक्ष पेश हुँदा सभाहलबाट पारित भएको घोषणा गरियो ।

घ) **विविध :-**

i) साबिकको मितिमा बैदिक हाइड्रोपावरको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक श्री बटुक लामिछानेको राजिनामा स्विकृत पश्चात बाँकी अबधिको लागि बोर्डको तर्फबाट नियुक्त सञ्चालक श्री मन्दिप खनालज्यू नियुक्त हुनुभएकोमा सोको अनुमोदनको लागि कम्पनी सचिबज्यूले सभासमक्ष जानकारी गराए पश्चात बोर्डको तर्फबाट भएको नियुक्तिलाई सभाहलबाट अनुमोदन समेत गरियो ।

ii) बिबिध बिषय अन्तर्गत छलफलमा लागि अन्य कुनै बिषय नभएको र सबै निर्धारित कार्यसूची बमोजिमका निर्णयहरु सभाबाट भईसकेको जानकारी सभालाई गराईयो ।

कार्यक्रमको अन्त्यमा, अध्यक्षता गरीरहनु भएका अध्यक्षज्यूले यस तेह्रौं वार्षिक साधारणसभा सुचारु रुपले सञ्चालन गर्न र सफल पार्न सहयोग गर्नुभएकोमा सबै शेयरधनी तथा सम्बन्धित निकायहरुबाट पाल्नु भएका सम्पूर्ण अतिथि, सञ्चारकर्मी एवम् कम्पनी प्रति सद्भाव राख्नु हुने सम्पूर्ण महानुभावहरु र कर्मचारीहरुलाई समेत धन्यावाद ज्ञापन गर्दै सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ................ | ................ |
| **सन्तोष कुमार भट्टराई** | **विजयमान शेरचन** |
| कम्पनी सचिव / कानूनी प्रतिनिधि | अध्यक्ष |